सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail :info@mole.gov.np.planning@moltm.gov.np
Website :moless.gov.np

# नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

च.नं. ३२

मिति : २०७६।६।१२

**विषय : सहभागिता सम्बन्धमा ।**

श्री सबै स्थानिय तह
कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश ।
(मार्फत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीका विवरणहरुलाई एउटै प्रणालीमा समावेश गरी व्यवस्थित गर्नका लागि रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ बमोजिमको रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास भईसकेको छ । उक्त रोजगार व्यवस्थापन सूचना प्रणालीमा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रमा खटिएका रोजगार संयोजकहरुले सम्बन्धित स्थानीय तह भित्रको रोजगारी सम्बन्धी तथ्याङ्कलाई प्रविष्टि गर्नु पर्ने भएको हुँदा रोजगार संयोजकहरुलाई उक्त प्रणालीको प्रयोगमा दक्ष बनाउन आवश्यक भएको छ ।

यसै सन्दर्भमा यस मन्त्रालयले सबै स्थानीय तहका रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकहरुका लागि रोजगार व्यवस्थापन सूचना प्रणालीको तालीम संचालन गर्न लागेको छ ।

अतः कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरुका लागि देहायको मिति, समय र स्थानमा सञ्चालन गर्न लागिएको रोजगार व्यवस्थापन सूचना प्रणालीको तालीममा त्यस गाउँपालिका/नगरपालिकाबाट रोजगार संयोजक र रोजगार संयोजक नखटिएका स्थानीय तहको हकमा प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी कार्य गर्न तोकिनुभएको कर्मचारीको उपस्थितिका लागि निर्णयानुसार अनुरोध गर्दछु ।

**तपसिल**

| प्रदेशको नाम | जिल्ला | मिति | समय | स्थान |
|---|---|---|---|---|
| कर्णाली प्रदेश | सुर्खेत, सल्यान, दैलेख, रुकुम पश्चिम | २०७६।६।१३-१४ | २०७६।६।१३ (बिहान ८:०० बजेदेखि)<br>२०७६।६।१४ (बिहान ८:०० बजेदेखि दिनको १२:०० बजेसम्म) | शुभ होटल, सुर्खेत |
| | जाजरकोट, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला | २०७६।६।१४-१५ | २०७६।६।१४ (दिनको १:०० बजेदेखि)<br>२०७६।६।१५ (बिहान ८:०० बजेदेखि) | |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail :info@mole.gov.np.planning@moltm.gov.np
Website :moless.gov.np

| | | | | |
|---|---|---|---|---|
| सुदूरपश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, डोटी, अछाम | २०७६।६।९-१० | २०७६।६।९ (बिहान ८:०० बजेदेखि)<br>२०७६।६।१० (बिहान ८:०० बजेदेखि दिनको १२:०० बजेसम्म) | होटल डिभोटी, धनगढी |
| | डडेल्धुरा, दार्चुला, बैतडी, बझाङ, बाजुरा | २०७६।६।१०-११ | २०७६।६।१० (दिनको १:०० बजेदेखि)<br>२०७६।६।११ (बिहान ८:०० बजेदेखि) | |

**पुनश्च :**

- *सहभागी हुने रोजगार संयोजकले आवासको व्यवस्था आफै गर्नु पर्नेछ । सोका लागि नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ ।*
- *मन्त्रालयबाट यस अघि परिपत्र भए बमोजिम केही स्थानीय तहहरुबाट वित्तिय प्रगति विवरण अझै आइनसकेको हुँदा कार्यक्रममा आउँदा उक्त विवरण समेत लिएर आउनुहुन अनुरोध गरिन्छ ।*
- *त्यस गाउँपालिका/नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन सम्बन्धमा भएको प्रगतिको विवरण यसै पत्रसाथ संलग्न ढाँचामा भरेर लिएर आउनुहुन अनुरोध गरिन्छ । प्रगति विवरण पठाउने ढाँचाको सफ्टकपी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np मा उपलब्ध छ ।*

(मोहन निरौला)
उपसचिव

**प्रदेश नं. ..........................**

**.......................................... जिल्ला**

**................................................ गाउँपालिका/नगरपालिका**

१. रोजगार संयोजक खटिएको (क) छ (ख) छैन

खटिएको भए, रोजगार संयोजकको नाम ......................................................

नखटिएको भए, प्रधानमन्त्री रोजगार कार्यक्रम हेर्ने गरी तोकिएको कर्मचारीको नाम ....................................

२. रोजगार सेवा केन्द्रको सञ्चालनको लागि आवश्यक आधारभूत भौतिक पूर्वाधार (क) छ (ख) छैन

३. रोजगार सेवा केन्द्र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि आवश्यक पर्ने थप भौतिक पूर्वाधार

..........................................................................................................................................

..........................................................................................................................................

४. गत आ.व.मा बेरोजगार व्यक्तिको निवेदन संकलन गर्ने कार्य भएको (क) थियो (ख) थिएन

भएको थियो भने, बेरोजगार सूचीमा दर्ताका लागि प्राप्त कूल निवेदन संख्या ...........................................

महिला ............................... पुरुष........................................... अन्य .....................................

५. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन हुने आयोजनाका लागि प्राप्त बजेट : ..............................

- प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट प्राप्त : रु. ................................
- प्रदेश सरकारबाट परिचालन भएको बजेट (भएमा) : रु. ................................
- स्थानीय तहबाट परिचालन भएको बजेट (भएमा) : रु. ................................
- कूल रकम : रु. .........................................

६. कामका लागि पारिश्रमिकमा आधारित आयोजनाको विवरण : (प्रत्येक आयोजनाको काम हुँदै गरेको र काम सम्पन्न भएको अवस्थाको कम्तिमा एक/एक प्रति उच्च गुणस्तरको फोटो राख्नुपर्नेछ)

(क) आयोजनाको नाम : ......................................... आयोजना सञ्चालन भएको वडा नं. ...........

(ख) आयोजनाको प्रकृति/क्षेत्र .....................................

(ग) आयोजनामा खर्च भएको बजेट :

- प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट : रु. ................................
- प्रदेश सरकारबाट परिचालन भएको बजेट (भएमा) : रु. ................................
- स्थानीय तहबाट परिचालन भएको बजेट (भएमा) : रु. ................................
- कूल खर्च भएको रकम : रु. ..........................................

(घ) सञ्चालित आयोजनाबाट रोजगारी पाएका सूचीकृत बेरोजगार व्यक्तिको संख्या : …………………

(त्यस स्थानीय तहबाट सञ्चालित प्रत्येक आयोजनाहरुको अलग अलग विवरण माथि उल्लेखित ढाँचामा पठाउनुहुन)

७. कार्यक्रम कार्यान्वयनका चुनौतिहरु :

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

८. सुझावहरुः

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………